**सम्मानित सभाका अध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरु,**

अव म देवदह नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि राजस्व र व्ययको अनुमान समेटिएको विनियोजन विधेयक-२०८२ (बजेट) यस गरिमामय सभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

देवदह नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको रुपमा यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८२/०८३ को राजश्व र व्ययको अनुमान (बजेट) प्रस्तुत गर्न पाउँदा मैले अत्यन्त गौरवान्वित महशुस गरेको छु । यस अवसरमा म संघीय गणतन्त्र प्राप्तिको लागि आफनो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते हुनुभएका महानुभावहरुप्रति शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।

यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, ऐन कानुनहरु, चालु आवधिक योजना, संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, नगरपालिकाको नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्य, नगरपालिकाद्धारा निर्मित ऐन कानुनहरु, कार्यविधिहरुको अधिनमा रही विभिन्न राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, सामुदायिक संघ संस्थाहरु, वुद्धिजीवी, संचारकर्मी लगायत विभिन्न क्षेत्रका व्यक्तिहरुको राय, सुझाव एवं विगतका अभ्यास र अनुभवलाई समेट्दै नगरको आर्थिक, सामाजिक, साँस्कृतिक साथै भौगोलिक विविधतालाई आत्मसात गरी सन्तुलित र समन्यायिक विकासको बाटोमा निरन्तर रुपमा अघि वढ्ने दृढताका साथ आगामी आ.व. २०८२/०८३ को बजेट निर्माण गरेको छु ।

**सभाध्यक्षज्यू,**

चालु आर्थिक बर्षका लागि गत वर्ष हामीले रु १ अरब ५० करोड १० लाख ६५ हजार ५ सय रुपैंयाको बजेट स्विकृत गरिएकोमा स्विकृत बजेट रकम मध्ये हालसम्म यो बजेट

तयार हुँदासम्म चालु तर्फ रु. ५८ करोड ८३ लाख ७४ हजार ४ सय ९४ खर्च भएको छ भने पूँजिगत तर्फ रु. १७ करोड ३० लाख ७६ हजार २ सय ९३ रुपैंया खर्च भएको छ। राजश्व परिचालन तर्फ रु. २५ करोड ४६ लाख ८८ हजार ५ सय रुपैंया उठाउने लक्ष्य राखिएकोमा हालसम्म जम्मा रु. ११ करोड १७ लाख २५ हजार ६ सय ४८ रुपैया संकलन भएको छ । नदिजन्य पदार्थबाट संकलनको अनुमानित राजश्वको पुर्ण संकलन हुन नसक्दा राजश्व परिचालनमा अपेक्षाकृत प्रगति हासिल नहुने देखिन्छ र संघीय सरकार एवं प्रदेश सरकारबाट प्राप्त हुने अनुमान गरिएको समानीकरण अनुदानको कटौतिले बजेट व्यवस्थापनमा कठिनाई पर्नुका बावजुत बजेट खर्च प्रगति सन्तोषजनक रहेको छ।

**सभाध्यक्षज्यू,**

- **अव म आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेटका उद्देश्यहरु प्रस्तुत गर्दछु।**
  - शिक्षा क्षेत्रको सर्वाङ्गिण विकास गरी शिक्षाको गुणस्तर प्रवर्द्धन मार्फत प्रतिस्पर्धी जनशक्तिको उत्पादनमा जोड दिने,
  - भूमिहिन दलित, भूमिहिन सुकुम्वासीलाई भूमिको मालिक बनाउन जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्ने ।
  - भौतिक पुर्वाधारहरुलाई दिगो, बालमैत्री, अपाङ्गमैत्री एवं गुणस्तरीय बनाउने,
  - आधारभूत स्वास्थ्य सेवामा नगरबासीको सहज पहुँच अभिवृद्धि गर्दै आम नागरिकको जनस्वास्थ्यमा दिगो सुधार गर्ने,
  - सेवाप्रवाहलाई सर्वसुलभ तथा सेवाग्राहीमैत्री बनाई संस्थागत सुशासन प्रवर्द्धन गर्ने,
  - कृषि, पशुपालन र अन्य सिपमूलक कार्यक्रमहरुको संचालन मार्फत उद्यमशिलताको विकास गरी आर्थिक समृद्धिमा टेवा पुर्याउने,

- सबै जातजाती, क्षेत्र, लक्षित वर्ग र समुदायको सशक्तिकरण गरी समावेशी र सन्तुलित विकासमा जोड दिने ।

**सभाध्यक्षज्यू,**

➢ अव म आगामी आर्थिक बर्ष २०८२/८३ को बजेटका प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

- गुणस्तरीय शिक्षा र स्वास्थ्य।
- भूमि व्यवस्थापन ।
- पूर्वाधार विकास ।
- व्यवसायिक कृषि तथा पशुपालन ।
- पर्यटन प्रवर्द्धन तथा रोजगारी सृजना ।
- लक्षित समूह सशक्तिकरण ।
- दिगो विकास र वातावरण संरक्षण ।
- संस्थागत क्षमता विकास र सुशासन ।

**सभाध्यक्षज्यू,**

नगरपालिकाको अर्थतन्त्रको सवलीकरणका लागि प्रयाप्त संभावनाहरु रहेता पनि यस क्षेत्रमा विभिन्न चुनौती एवं समस्याहरु रहेका छन्। अव म देवदह नगरपालिकामा रहेका अर्थतन्त्रका चुनौतीहरुलाई प्रस्तुत गर्दछु।

- राष्ट्रिय अर्थतन्त्रको संकुचन कायम रहेको अवस्थामा सीमित स्रोतको परिचालन मार्फत बजेटको उद्देश्य हासिल गर्नु,
- नदिजन्य पदार्थ बिक्री लगायतको समुचित व्यवस्थापन गरी आय वृद्धि गर्नु,
- महामानव गौतम बुद्धको मावली क्षेत्रको रुपमा परिचित धार्मिक महत्वको क्षेत्र देवदहलाई पर्यटकीय केन्द्रको रुपमा राष्ट्रिय/अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्नु,

- नगरबासीमा उद्यमशिल चेतनाको अभिवृद्धि गराउदै सबै उद्योगी र व्यावसायीहरुलाई करको दायरामा ल्याउनु,
- बढ्दो विकास आवश्यकता र अत्याधिक माग रहेको तर सीमित श्रोतको कारण न्युन आकारको विकास वजेट हुने भएकोले सर्वाङ्गिण क्षेत्रको सन्तुलित विकास गर्दै नगरबासीको अपेक्षा पुरा गर्नु ।
- आगामी आर्थिक वर्षको आन्तरिक आयको अनुमान गत वर्षको यथार्थभन्दा अधिक रहेको हुँदा राजश्व संकलनको लक्ष्य हासिल गरी तयार गरिएका योजना तथा कार्यक्रमको पूर्ण कार्यान्वयन गर्नु ।
- एशियाली विकास बैंकसँगको सहकार्यमा शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना (URLIP) अन्तर्गत कार्यान्वयन हुने आयोजनाको लागि ऋण परिचालन समेत हुने हुँदा आगामी बर्षदेखि आर्थिक दायित्व भार बढ्ने हुनाले सो को वित्तीय व्यवस्थापन लगायतका चुनौति हामी सामु रहेका छन ।

**सभाध्यक्षज्यू,**

- अव म आगामी आर्थिक वर्षको आयको अनुमान तथा यसका स्रोतहरुको संक्षिप्त विवरण पेश गर्दछु ।
  - आन्तरिक राजश्व तर्फ: रु २१ करोड ८६ लाख ४६ हजार
  - संघीय सरकारबाट प्राप्त सशर्त अनुदान पुंजीगततर्फ रु. ४३ करोड ४१ लाख
  - शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना (URLIP) अन्तर्गत कार्यान्वयन हुने आयोजनाका लागि नगर विकास कोषबाट ऋण ७ करोड ३८ लाख
  - सडक बोर्ड तर्फ १ करोड

- लुम्बिनी प्रदेशबाट प्राप्त समानीकरण, सशर्त, राजश्व बाँडफाड र समपुरक गरी : रु ४ करोड ८९ लाख ७४ हजार
- संघीय सरकारबाट प्राप्त सशर्त, सामाजिक सुरक्षा, समपुरक, समानीकरण, राजश्व बाँडफाड गरी रु. ८५ करोड ३२ लाख ८० हजार

यसरी आगामी आ.व. का लागि हाम्रो कुल आय अनुमान रु. १ अर्ब ६३ करोड ८८ लाख रहेको छ ।

**सभाध्यक्षज्यू,**

अव म आगामी आर्थिक वर्षको लागि विषयक्षेत्रगत व्ययको अनुमान यस गरिमामय सभा समक्ष पेश गर्दछु ।

## १. <u>सामाजिक विकास</u>

**क.शिक्षा :**

- बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी एवं विद्यालय सहयोगी कर्मचारीहरुको पारिश्रमिक थप गर्न रु.९२ लाख २४ हजार ९ सय बजेट विनियोजन गरेको छु ।
- नगरपालिकाभित्रका न्यून दरबन्दी तथा विषयगत शिक्षक दरबन्दी नभएका सार्वजनिक निम्न माध्यमिक र माध्यमिक विद्यालयहरुमा शिक्षकको उपलब्धताको लागि प्रदान गरिएका नगरशिक्षकहरुलाई पारिश्रमिक उपलब्ध गराउन रु.८९ लाख १२ हजार विनियोजन गरेको छु ।
- आधारभूत तहको परीक्षालाई मर्यादित, विश्वसनीय र प्रतिस्पर्धी एवं अनुशासित बनाउन नगरस्तरीय परीक्षा संचालनका लागि रु. १५ लाख बजेट विनियोजन गरेको छु ।

- विद्यालय बगैंचा तथा हरियाली प्रवर्द्धनका लागि रु.६ लाख विनियोजन गरेको छु ।
- न्युन आर्थिक अवस्था भएका उत्कृष्ट विद्यार्थीहरुलाई उच्च शिक्षाको लागि प्रोत्साहित गर्न उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विद्यालयको भौतिक पक्षलाई सुदृढ बनाई पठनपाठनलाई सहज बनाउन विद्यालयको चुहिने छाना मर्मत तथा फल्स सिलिङ्ग निर्माणका लागि रु. २२ लाख विनियोजन गरेको छु ।
- सार्वजनिक एवं संस्थागत विद्यालयका विभिन्न तहका विद्यार्थीहरुविच सिकाइमा प्रतिस्पर्धी क्षमता अभिवृद्धि गराउन अतिरिक्त क्रियाकलापमा सहभागी गराई विद्यालयस्तरीय तहगत प्रतियोगितात्मक कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सार्वजनिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति र विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका कक्षा ६-१२ मा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति एवं सार्वजनिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड उपलव्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- केन्द्रबाट छनोट भएका नमुना विद्यालयको भौतिक पूर्वाधार विकास एवं प्राविधिक धारका विद्यालयलाई ल्याव व्यवस्थापन अनुदानका लागि रु १ करोड बजेट व्यवस्था गरेको छु ।

शिक्षा क्षेत्रमा जम्मा २६ करोड ९ लाख रकम विनियोजन गरेको छु ।

**ख.युवा तथा खेलकुद :**

युवा तथा खेलकुद क्षेत्रको विकासका लागि राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता, नगरप्रमुख कप अन्तर वडास्तरीय पुरुष फुटवल प्रतियोगिता, नगर उपप्रमुख कप अन्तर विद्यालय छात्रा भलिवल प्रतियोगिता, नगरस्तरीय क्रिकेट प्रतियोगिता लगायतका खेलकुद कार्यक्रमका लागि जम्मा रु. ३० लाख विनियोजन गरेको छु ।

**ग. बालमैत्री स्थानीय शासन :**

बालमैत्री नगर घोषणा सम्बन्धी विविध कार्यक्रम संचालनका लागि रु. १० लाख विनियोजन गरेको छु ।

घ. **स्वास्थ्य** :

- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी एवं सर्जिकल औजार खरिदको लागि जम्मा रु. ३० लाख ९४ हजार ६ सय ५० छुट्ट्याएको छु ।
- स्वास्थ्य सेवा प्रणाली सवलिकरणको लागि जम्मा रु. १० लाख विनियोजन गरेको छु ।
- **“म र मेरो परिवारको स्वास्थ्य मेरो जिम्मेवारी कार्यक्रम”** अन्तर्गत महिला स्वास्थ्य स्वयंसेविका र सरसफाईकर्मीहरुलाई निःशुल्क स्वास्थ्य विमाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

स्वास्थ्य क्षेत्रका जम्मा रु. ४ करोड ५७ लाख रकम विनियोजन गरेको छु ।

**ङ. लक्षित कार्यक्रम :**

- महिलाहरुको क्षमता अभिबृद्धि र सशक्तिकरण गरी आत्मनिर्भर बनाउन उपप्रमुखसँग महिला विकास कार्यक्रमबाट रु. १५ लाख विनियोजन गरेको छु ।
- महिला, युवा, जेष्ठ नागरिक, दलित, आदिवासी/जनजाती, मधेशी, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख तथा द्वन्द पिडित, अपाङ्गता एवं बालबालिका लक्षित लगायतका लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण कार्यक्रमको लागि रु. ५३ लाख बजेटको व्यवस्था गरेको छु ।
- सामाजिक क्षेत्र प्रबलिकरण लागि रु. ५ लाख विनियोजन गरेको छु।

सामाजिक विकासतर्फ जम्मा रु. ३२ करोड २९ लाख विनियोजन गरेको छु ।

**ख. <u>आर्थिक विकास :</u>**

क. रोजगार सेवा केन्द्र अन्तर्गत आन्तरिक रोजगारी सिर्जना तथा उद्यमशिलता प्रवर्द्धन लगायतका कार्यक्रमका लागि जम्मा रु. १७ लाख ५० हजार खर्च हुने व्यवस्था गरेको छु ।

ख. सहकारी संस्थाहरुको सुशासन प्रवर्द्धन गर्न सहकारी संस्था निरीक्षण तथा अनुगमन नियमन लगायतको कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

ग. पर्यटकीय क्षेत्रको प्रवर्द्धन, विस्तार, ऐतिहासिक स्थलको उत्खनन् कार्य, पर्यटन सम्बन्धी मेला महोत्सव गर्न र पर्यटन पूर्वाधार विकासका लागि रु. २५ लाख विनियोजन गरेको छु ।

घ. लघु उद्यम विकास, उपभोक्ता हित संरक्षण लगायतका कार्यक्रम संचालन गर्न रु. १३ लाख विनियोजन गरेको छु ।

ङ. नगरप्रमुखसँग उद्यमी रोजगार कार्यक्रम अन्तर्गत स्थानीय युवा उद्यमी प्रवर्द्धन गर्न सहुलियतपूर्ण कर्जा उपलव्ध गराउन रु. ३० लाख विनियोजन गरेको छु ।

**च. पशु सेवाः**

- पशुमा लाग्ने रोग नियन्त्रण एवं उपचार सेवाका लागि आवश्यक पर्ने औषधी र सामाग्री खरीद गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- वंगुरको नयाँ पकेट विकास कार्यक्रम संचालनका लागि रु. १५ लाख बजेट छुट्ट्याएको छु ।
- पशु स्वास्थ्य शिविर, बाँझोपन निवारण घुम्ती शिविर लगायतका कार्यक्रमका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

पशुसेवा तर्फ जम्मा ४२ लाख ६५ हजार रकम विनियोजन गरेको छु ।

**छ. कृषि विकास :**

- तरकारी पकेट विकास कार्यक्रम एवं तोरी पकेट विकास कार्यक्रमका लागि जम्मा रु. १५ लाखको व्यवस्था गरेको छु ।
- कृषिसँग सम्वन्धित मागमा आधारित कार्यक्रमको लागि रु. १२ लाख ५० हजार विनियोजन गरेको छु ।
- कृषि विद्युत मिटर जडानमा अनुदानका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगर प्रमुखसँग कृषि कार्यक्रम संचालनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

- स्थानीय उत्पादनको बजारीकरण प्रवर्द्धनका लागि हाटबजारको पूर्वाधार निर्माण, मर्मत एवं संरक्षण गर्न रु. ९ लाख विनियोजन गरेको छु ।

कृषि विकासतर्फ जम्मा रु. ४५ लाख ३५ हजार बजेट विनियोजन गरेको छु ।

ज. **भूमि व्यवस्थाः** आफ्नै स्वामित्वको जमीनमा बसोबास गर्ने नगरबासीको चाहानालाई पुरा गराउन संघीय सरकारले अगाडि बढाएको कार्यक्रमलाई प्राथमिकतामा राखी भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुलाई जग्गाको वास्तविक मालिक बनाई भूमि सम्बन्धी समस्यालाई दिगो रुपमा समाधान गर्न यस वर्ष रु. २ करोड विनियोजन गरेको छु ।

आर्थिक विकास तर्फ जम्मा रु. ३ करोड ८९ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

**ग. <u>पूर्वाधार विकास :</u>**

- शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना (URLIP) अन्तर्गत आगामी आर्थिक वर्ष कार्यान्वयन हुने आयोजनाको संघीय सरकार पुँजीगत अनुदान, नगर विकास कोष ऋण र नगरपालिका साझेदारी गरी जम्मा रु. ५२ करोड ३९ लाख विनियोजन गरेको छु ।
- मागमा आधारित पूर्वाधार विकास कार्यक्रम संचालन गर्न जम्मा रु. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।
- देवदह नगर अस्पतालको पूर्वाधार निर्माण कार्य सम्पन्न गरी सोही अस्पतालबाट पूर्ण रुपमा सेवा प्रवाह हुने व्यवस्था मिलाउन रु. १ करोड विनियोजन गरेको छु ।

- गुरुङ्ग टोलादेखि नगरपालिका आउने बाटो निरन्तरता (देवदह ५) का लागि संघीय समपुरक अनुदान तर्फ ९५ लाख र नगरपालिका तर्फ २ करोड २२ लाख गरी रु. ३ करोड १७ लाख विनियोजन गरेको छु ।
- पाकडी वृक्ष मार्ग सडक स्तरोन्नती सहित कालोपत्रे आयोजनाको लागि संघीय समपुरक अनुदानतर्फ रु. ३० लाख र नगरपालिकातर्फ रु ७० लाख गरी जम्मा रु. १ करोड वजेट विनियोजन गरेको छु ।
- खैरेनी चोकदेखि वुद्ध पार्कसम्म नालासहितको कालोपत्रे गर्न (देवदह ५) र वडा कार्यालयदेखि गौरीटोलसम्म सडक कालोपत्रे गर्न (वडा नं. ३) प्रदेश समपुरक अनुदान तर्फ रु. ८० लाख र नगरपालिकाबाट रु. १ करोड २० लाख गरी जम्मा रु. २ करोड विनियोजन गरेको छु ।
- सिक्टहन चोकदेखि ढोलबजवा जाने सडक कालोपत्रे गर्न (वडा नं. ११) प्रदेश समपुरक अनुदान तर्फ रु. ४० लाख र नगरपालिकाबाट रु. ६० लाख गरी जम्मा रु. १ करोड विनियोजन गरेको छु ।
- भलुही सिँचाइ बाघकुमार आयोजनाका लागि रु. ८५ लाख विनियोजन गरेको छु ।
- खैरेनी नयाँबजार साना किसान मार्ग हुँदै गोठादि जोड्ने सडक (देवदह- ६) आयोजनाको लागि रु. ४० लाख वजेट विनियोजन गरेको छु ।
- विभिन्न वडाका स्वास्थ्य संस्थाहरुको संरचना निर्माण एवं मर्मत, सडक आयोजना एवं विद्यालय पुर्वाधारका लागि रु. १ करोड ५ लाख बजेट विनियोजन गरेको छु ।

पूर्वाधार तर्फ जम्मा रु. ६३ करोड ६० लाख विनियोजन गरेको छु ।

## ४. <u>बन, वातावरण तथा विपद् व्यवस्थापन</u>

(क) वन तथा वातावरणको संरक्षण, संवर्द्धन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

(ख) फोहोरमैला व्यवस्थापन कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

(ग) दिगो विकासको अवधारणालाई पालिकामा अवलम्वन गर्दै हरित नगरपालिकको रुपमा विकसित गर्नका लागि निजी तथा सार्वजानिक क्षेत्रमा वृक्षारोपण गर्न दिगो बन व्यवस्थापन तथा वृक्षारोपण कम्पोनेन्ट कार्यक्रम संचालन समृद्धिका लागि वन कार्यक्रमको लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

(घ) विपद व्यवस्थापनः प्राकृतिक एवं गैरप्राकृतिक रुपमा हुन सक्ने विपद् व्यवस्थापन गर्नको लागि विपद व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गरेको छु ।

यसरी वन, वातावरण, विपद् व्यवस्थापन एवं फोहोरमैला व्यवस्थापनको लागि जम्मा रु. ६२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

## ५. संस्थागत विकास र सुशासन

- संस्थागत विकास तथा सेवा प्रवाह वित्तीय व्यवस्थापन तथा सुशासन र कार्यालय संचालन एवं व्यवस्थापन खर्चका लागि रु. १६ करोड ७७ लाख विनियोजन गरेको छु ।
- सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन संस्थागत क्षमता अभिवृद्धि गर्न उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नगरपालिका एवं अन्तर्गतका कार्यालयहरुबाट हुने सेवा प्रवाहलाई सुचना-प्रविधिमैत्री बनाई सेवा प्रवाह सरलिकृत बनाउने प्रयोजनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

- नगरपालिकाको आन्तरिक राजश्व परिचालनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- नगरपालिकाबाट हुने न्याय सम्पादनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

संस्थागत विकास र सुशासनमा जम्मा रु. १७ करोड १६ लाख बजेट विनियोजन गरेको छु ।

**वडागत योजनाहरुः**

सबै वडाको आर्थिक, सामाजिक एवं भौतिक विकासलाई प्राथमिकतामा राखी प्रत्येक वडालाई रु. १ करोडका दरले जम्मा रु. १२ करोड बजेट विनियोजन गरेको छु ।

वडामा विनियोजित रकमबाट सबै विषयगत क्षेत्र समेटिने गरी आयोजना तथा कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छु

**सम्मानित नगरसभाका अध्यक्ष एवं नगरसभाका सदस्यज्यूहरु,**

देवदह नगरपालिकाको आगामी आ व २०८२/०८३ को लागि राजस्व र व्ययको अनुमान समेटिएको विनियोजन विधेयक २०८२ संग संलग्न विस्तृत विवरण सहितको अनुसुचीहरु यहाँहरु समक्ष उपलब्ध छ ।

**अन्त्यमा,**

नगरपालिकाको योजना तथा बजेट तर्जुमामा सहयोग गर्नुहुने यस क्षेत्रका प्रतिनिधिसभा एवं राष्ट्रियसभाका सदस्यज्यूहरु, प्रदेशसभाका सदस्यज्यूहरु, बजेट निर्माणका क्रममा योगदान पुर्याउनुहुने नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीज्यूहरु, राजश्व

परामर्श समितिका पदाधिकारीज्यूहरु, विभिन्न बिषयगत समितिका पदाधिककारीज्यूहरु, बजेट निर्माणमा संलग्न कर्मचारीहरु, सम्पूर्ण राजनीतिक दल, संचारकर्मी, टोल विकास संस्थाका पदाधिकारीहरु, संघसंस्थाहरु लगायत सम्पूर्ण नगरवासीहरुलाई हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

मितिः २०८२/०३/१०